# गरुडा नगरपालिका

## नगर कार्यपालिका कार्यालय

गरुडा, रौतहट
प्रदेश नं. २,नेपाल

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

गरुडा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गरुडा,रौतहट प्रदेश नं. २ नेपाल २०७३

मिति :-२०७७/०३/१२

आ.व २०७७/०७८ को लागि आन्तिरिक आय ठेक्का सम्बन्धि शिलवन्दी बोल पत्र आहवानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०३/१२**

यस नगरपालिकाको मिति २०७७/०३/११ गतेको निर्णय अनुसार यस कार्यालयबाट स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम निम्न अनुसारको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलको दर रेट, शर्तहरुलाई पालना गर्ने गरी मूल्य अभिवृद्धिकर (भ्याट) मा दर्ता भएको ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यसै नगरपालिका कार्यालयवाट विकी हुने टेन्डर फारम रित पूर्वक भरि शिलवन्दी गरी करमा नवीकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र र आ.व २०७५/२०७६ को आय कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि सहित १५ दिन भित्र पेश गर्न हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

तपशिल

| ठेक्का नं. | ठेक्काको किसिम | कर उठाउनु पर्ने क्षेत्र | न्युनतम कबोल अंक (मु.अ.कर बाहेक) | बोल पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०९।०७६।०७७ | गरुडा पशु बजार | गरुडा बजार क्षेत्र | ३८,५३,०००।- | ३,०००।- | |
| १०।०७६।०७७ | महम्मदपुर (शिवनगर) तरकारी बजार | शिवनगर तरकारी बजार क्षेत्र | रु३,५१,१००।- | रु.१०००।- | |
| ११।०७६।०७७ | महम्मदपुर भ्राँभ्र नदी माछा ठेक्का | न.पा. क्षेत्रभित्र | रु.१,७०,५००।- | रु.१०००।- | |
| १२।०७६।०७७ | रघुनाथपुर विर्ता तरकारी बजार | विर्ता तरकारी बजार क्षेत्र | २,२६,०००।०० | रु.१०००।- | |
| १३।०७६।०७७ | रघुनाथपुर सिसवा तरकारी बजार | सिसवा तरकारी बजार क्षेत्र | २,२६,०००।०० | रु.१०००।- | |

**शर्तहरु**

१. ठेक्काको अवधि २०७७ साल श्रावण १ गते देखि २०७८ साल असाढ मसान्त सम्म हुनेछ।
२. टेन्डर फारम २०७७/०३/१३ देखि २०७७/०३/२६ गते ५ बजेसम्म खरिद गर्नुपर्ने छ।

०७७/०३/१२
प्रमुख प्रशासकीय अधिकृत

३. टेन्डर फारम सिलबन्दी गरी मिति २०७७/०३/२८ गते दिनको १२ बजे सम्म यस न.पा.कार्यालयमा दर्ता गराइसक्नुपर्ने छ ।

४. रित पूर्वक दर्ता हुन आएको गोप्य शिलबन्दी टेन्डर फारमहरु मिति २०७७/०३/२८ गते दिनको २:०० बजे खोलिने छ । सो दिन बिदा परे सोको भोली पल्ट

५. धरौटी बापतको रकम स्वदेशी नागरीक भएमा बोल कबोल अंकको ५ प्रतिशत र बिदेशी नागरीक भए बोल कबोल अंकको १० प्रतिशत रकम एन आई सि एशिया बैंक लि.गरुडा स्थित यस न.पा.को धरौटी खाता नं. O1CA052591852403 मा जम्मा गरी सक्कलै भाउचर वा बैंक ग्यारेन्टी गोप्य शिलबन्दी फारम सँग पेश गर्नुपर्ने छ ।

६.बोलपत्र खरिद गर्ने, दर्ता गर्ने,र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु सो को भोलीपल्ट हुनेछ ।

७. ठेक्का कबोल गरेको रकम स्वीकृत बोल पत्र दाताले एकमुस्ट वुझाउनु पर्ने छ र सो बापत १० प्रतिशत सहुलियत स्वरुप छुट दिइनेछ ।

८. शिलबन्दी फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट वुझने गरी लेखनुपर्ने छ ।

९. टेन्डर स्वीकृत भएको ७ दिन भित्र रकम वुझाउन नआएमा धरौटी जफत गरी क्रमश अर्को टेन्डर स्वीकृत गरिनेछ ।

१०. प्रचलित कानुन अनुसार ठेक्का बापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयमले यस कार्यालयमा नगदी दाखिला गर्नुपनेछ ।

११. कानुनले निषेधित गरेको बस्तु वा समानमा कर लिन पाइने छैन । साथै न.पा.ले विकास निर्माण कार्यमा प्रयोग गर्ने बस्तुमा करलिन पाईने छैन र सो बापत कुनै माफि मिन्हाको दावी गर्न पाईने छैन ।

१२. बन्द हरताल लगायत जस्ता कुनै पनि कारणवाट ठेकेदारलाई क्षतिपुग्न गएमा ठेकेदार स्वयमले जिमेवार हुनुपर्ने र त्यस बापत यस कार्यालयवाट कुनै क्षतिपूर्ती तथा मिनहा दिने छैन ।

१३. ठेक्का स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस न.पा.लाई रहनेछ ।

१४. शर्तहरु पालना गर्न नसक्ने ठेकेदारको ठेक्का न.पा.ले तोडन सक्ने छ ।

१५. न.पा.ले निर्धारण गरेको दर रेटमा नबढाई शुल्क उठाउनु पर्ने छ ।

१६. यसमा नखुलेका शर्त तथा अन्य कुरा प्रचलित ऐन कानुन र यस न.पा.को निर्णय अनुसार हुनेछ ।

०७७/०३/१२

मो.मुस्ताक आलम

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत